# खनियाबास गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
दार्खा, धादिङ
बागमती प्रदेश, नेपाल

प.सं. :- ०७८/७९ मिति :- २०७८/०८/२२
च.नं. :- ४९३

श्री वडा कार्यालय (सबै)

बिषय :- निर्णय कार्यान्वयन सम्बन्धमा ।

प्रस्तुत विषयमा संघीय मामिला तथा समान्य प्रशासन मन्त्रालयको पं.सं. ०७८/७९ च.नं. १६० मिति २०७८/०८/२१ गतेको पत्रानुसार संस्था दर्ता ऐन २०३४ को दफा ३ बमोजिम कुनैपनि संस्था विधानसहित दर्ता नभएमा कानूनी मान्यता दिन नमिल्ने र स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण तथा संचालन गर्न गठन हुने उपभोक्ता समिति समेत सोही बमोजिम हुने भएकाले स्थायी संयन्त्रमार्फत कार्य गर्न/गराउन परिपत्र भई आएकाले सोही बमोजिम गर्नुहुन अनुरोध छ । साथै मन्त्रालयको परिपत्र थान-१ यसैसाथ संलग्न गरिएको व्यहोरा अनुरोध छ ।

बालकृष्ण नेपाली
प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौ

( आर्थिक प्रशासन शाखा )

फोन नं. (९७७)- ४२००३१८ Ext-184

Email Address:- account.section@mofaga


चलानी नम्बरः- ९६०

पत्र संख्याः- २०७८/७९

मितिः- २०७८/०८/२१

विषयः-उपभोक्ता समितिबाट काम गराउने सम्बन्धमा महालेखापरीक्षकको कार्यालय ५८ औ वार्षिक प्रतिवेदन सुझाव कार्यान्वयन गर्ने सम्बन्धमा ।

श्री स्थानीय तह (सबै),

महालेखापरीक्षकको कार्यालयको अन्ठाउन्नौ वार्षिक प्रतिवेदन २०७८ को खण्ड ३- स्थानीय तह अन्तर्गत उपभोक्ता समिति मार्फत कार्य शिर्षक बुँदा नं.३५ मा उल्लिखित देहायको व्यवस्थालाई कार्यान्वयन गर्नु गराउनु हुन निर्णयानुसार अनुरोध छ ।

तपसिलः-

"सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउन सक्ने व्यवस्था छ । संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार कुनै पनि संस्था विधानसहित दर्ता नभएमा कानूनी मान्यता दिन मिल्ने देखिँदैन । यो वर्ष विभिन्न निर्माण कार्य गर्न गठन भएका उपभोक्ता समितिहरु ऐनको उक्त व्यवस्था अनुसार दर्ता भएको पाइएन । त्यस्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात समिति विघठन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मतसम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाई हुने र त्यस्ता समितिले आय - व्ययको लेखापरीक्षण समेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने, गराउने ।"

बाबुराम ज्ञवाली

उपसचिव (लेखा)

बोधार्थः-

श्री महालेखापरीक्षकको कार्यालय,

अनामनगर, काठमाण्डौ ।

श्री सूचना प्रविधि शाखा,

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,

सिंहदरवार, काठमाण्डौः- website मा अपलोड गरिदिनु हुन ।